
**Publisher:** TUTA, Dhawalagiri MultipleCampus, Baglung ISSN:2392-4438




**Article information**

Received: 18 February 2025
Review: 20 February - 10 March 2025
Revision 11 March -28 March 2025
Accept: 31 March 2025
Published: 10 April 2025

**DOI:** https://doi.org/10.3126/ps.v23i1.77517

Available:https://www.nepjol.info/index.php/ps

# लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतसँग समाज र संस्कृति

विष्णु परियार
त्रिभुवन विश्वविद्यालय दर्शनाचार्य-विद्यावारिधि दोस्रो सत्र (कीर्तिपुर, काठमाडौं)
Email.prbishnu46@gmail.com

## लेखसार

प्रस्तुत लेख लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतसँग समाज र संस्कृति शीर्षकमा सम्बन्धित रहेको छ । ठाडो भाका लोकगीत लोकगीतको एउटा प्रकार वा शैली हो । यसै गीतसँग समाज र संस्कृतिलाई यस अध्ययनको सन्दर्भमा प्रष्ट पारिएको छ । यस गीतलाई गुरुङ समुदायमा भने रोधीका नामबाट चिनिन्छ । यस गीतमा नृत्यसमेत रहने भएकोले जातिगत रूपमा दुरा, कुमाल, बाहुन, दमाई, सार्की, कामी, क्षेत्री, मगर लगायतका समुदायमा प्रचलित रहेको पाइन्छ । क्षेत्रगत रूपमा पनि यो गीत लमजुङ, गोरखा, कास्की, बाग्लुङ, तनहुँ, म्याग्दी, सुदुर पश्चिम, कर्णाली क्षेत्रलगायत स्थानमा पनि प्रचलित देखिन्छ । यस गीतको नाम र प्रस्तुतिगत शैली ठाउँअनुसार विभिन्न रहेका पाइन्छन् । यस गीतसँग समाज र संस्कृतिको सम्बन्ध कस्तो छ र यस गीतको प्रस्तुति कसरी गरिन्छ भन्ने समस्याको समाधानमा रहेको यस लेखमा ठाडो भाका लोकगीतलाई कुनै एक जाति, कुनै एक वर्ग समुदाले मात्र होइन यसको संरक्षण र विकासका लागि सबै लाग्नुपर्ने देखिन्छ । समाज र संस्कृतिबिना यस गीतको अस्तित्व नरहने भएकोले यस गीतको मुख्य स्रोत समाज हो । समाज र संस्कृतिबिना अपुरो मानिने यस गीतलाई क्षेत्रकार्यबाट सङ्कलित सामग्रीका आधारमा यस लेखमा यस गीतसँग समाज र संस्कृतिको बारेमा गीतसहित प्रस्तुत गरिने परम्परित संस्कार र संस्कृति पहिचान गर्ने हुनाले लमजुङ जिल्लाको सामाजिक र सांस्कृतिक पक्ष, लमजुङ जिल्लाको भौगोलिक अवस्था, लमजुङ जिल्लाको प्रसिद्ध स्थान, जाति, धर्म, संस्कृति र चाडपर्व, लमजुङ जिल्लामा लगाइने खेतीपाती, फलफूल, पशुपालन जस्ता पक्षका आधारमा विश्लेषण गरिएको छ । लमजुङ जिल्लाको पहिचान अन्य विषय र विधाबाट भए पनि ठाडो भाका लोकगीतको माध्यमबाट भने यस सम्बन्धि कुनै पनि कार्य नभएको पाइन्छ । यही शोधमूलक अध्ययनको रिक्तता परिपूर्तिका लागि विषयवस्तु विश्लेषण विधिमा आधारित भई यो अध्ययन गरिएको छ । लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको सम्बन्ध यस जिल्लाका विभिन्न स्थान, संस्कार, संस्कृति, परम्परा, धर्म, आदिका दृष्टिले पनि अध्ययनीय हुन्छ भन्ने सत्यलाई देखाउनु नै यस अध्ययनको निष्कर्ष रहेको छ ।

*शब्दकुञ्जी* : झ्याउरे छन्द, रोधी, लोकगीत

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License
(https://creativecommons.org/licenses/by-nc/4.0/

## विषय प्रवेश

लमजुङ जिल्ला लोकगीत सङ्गीतको उद्‌गम जिल्ला हो । प्राकृतिक रूपमा पनि अन्य जिल्ला भन्दा सुन्दर भएकोले लमजुङ जिल्लालाई विभिन्न जात, जाति, धर्म र संस्कृतिको कोणबाट सम्पन्न मानिन्छ । ठाडो भाका लोकगीत यही लमजुङको माटोमा जन्मिएको भाका हो । यसलाई लोकगीतको एउटा प्रकार मानिएको पाइन्छ । देउबहादुर दुराले यस भाकालाई लमजुङ जिल्लाको करापुटारमा पहिलो पटक गाएको हुनाले यसको गाउने परम्परा दुरा जातिबाट भएको हो (भुजेल, २०७५, पृ. ४०) । दुरा जाति लमजुङ जिल्लामा बसोबास गर्ने अन्य जातिहरूमध्ये बेग्लै पहिचान बोकेको जाति मानिन्छन् । दुरा जातिबाट बिस्तार भएको ठाडो भाका लोकगीतले समाजमा हुने गरेका विभिन्न परम्परा, संस्कृति र मानवीय जीवनको दुःख सुखलाई नियाल्ने गर्दछ । वनपाखा, गाउँबेसी र देउराली भञ्ज्याङमा विभिन्न चाडपर्वमा दाजुभाइ, दिदीबहिनी, प्रेमी र प्रेमीका भेट हुँदा रमाइलो गरी एक आपसमा दुःख साट्ने एक माध्यमका रूपमा ठाडो भाका लोकगीतलाई लिइन्छ । रोधी बसेर समूहमा वाद्यवादनका साथमा गाइने यस भाकामा नृत्य पक्ष पनि निकै उत्कृष्ट रहन्छ । प्रस्तुत अध्ययनमा यस गीतले लमजुङ जिल्लाको सामाजिक र सांस्कृतिक पक्ष, प्रसिद्व स्थानहरू र विभिन्न पेशा, संस्कार, धर्म र संस्कृतिसँग कस्तो सम्बन्ध राखेको छ भन्ने अध्ययन गरिएको छ । साथै यस गीतसँग समाज र संस्कृतिको सम्बन्ध कस्तो छ र यस गीतको प्रस्तुति कसरी गरिन्छ भन्ने जिज्ञासाको प्राज्ञिक समाधानमा केन्द्रीत भई यस लेखमा खोजमूलक अनुसन्धान गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

लोकगीत ‘लोक’ र ‘गीत’ दुई शब्दको मेलबाट बनेको छ । लोकगीत भित्र रहेका विभिन्न गीतहरूमध्ये ठाडो भाका लोकगीत पनि एक हो । यसमा समाजका रागात्मक अभिव्यक्तिहरू सहज रूपमा उर्लिएर आएका हुन्छन् । लोकगीतले लोक जीवनका दुःख, सुख, हाँसो, आँसु, आशा निराशाका साथै लोकको संस्कार, संस्कृति, आस्था र मान्यतालाई बहन गरेको हुन्छ । यसरी समाजलाई सकारात्मक सन्देश दिने ठाडो भाका लोकगीत करापुटारमा देउबहादुर दुराले प्रथम पटक गाएका हुनाले उनलाई यस गीतको जन्म दाता भनिएको पाइन्छ (घिमिरे, २०७९, पृ. ६५) । यस गीत विशेष गरी झ्याउरे सालैजोबाट विस्तार भएको हो भन्ने कुरालाई काली भक्त पन्तले स्पष्ट पारेका छन् (पन्त, २०४३, पृ. ७०-७३) । बौद्ध सिंह गुरुङ धवलागिरी क्षेत्रबाट कास्कीको हंसपुर बसाइँ सरेर आउने क्रममा सोही भाकालाई आफुसँगै ल्याएका र जनकवि केशरी धर्मराज थापाले गण्डकीका सुसेलीमा यस भाकालाई त्यस ठाउँका मोतीलाल गुरुङ र बखत बहादुर गुरुङले परिमार्जित गरेर लमजुङको करापुटारमा ल्याएको भन्ने भनाइ रहेको छ (भुजेल, २०७५, पृ. ३७-४२) । यस भाकालाई मध्य नेपाल नगरपालिका १० हाडेखोला वरधानमा जन्मेका देउबहादुर दुरा र म्यादी गाउँपालिका मिजुरे कास्कीका पञ्चसुब्बा गुरुङले करापुटारको ईशानेश्वर मन्दिरमा रातभर ठाडो बत्ति बालेर गाउने गरेका हुनाले यस गीतको नाम नै ठाडो भाका रहेको हो भन्ने पाइन्छ (घिमिरे, २०७९, पृ. ६२) । लमजुङको करापुटारमा जन्मिएको ठाडो भाकाले हाम्रो समाजको संस्कार, संस्कृति र परम्परालाई जोगाएर एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरी समाजमा घटने विविध घटनालाई विषयवस्तुको रूपमा लिई पहिचान गरेको पाइन्छ । समाजमा भएका रीतिरिवाज, चालचलन, धार्मिक विश्वास जस्ता पक्षहरू नै ठाडो भाका लोकगीतको सृर्जित आधारहरू हुन् ।

समाज व्यक्ति-व्यक्तिबिचको सम्बन्धको सञ्जाल हो । एकआपसमा आश्रित, सामूहिक पहिचान बोकेका र सामूहिक उद्देश्य प्राप्तिका लागि व्यक्तिहरूको सङ्गठित समूहलाई समाज भनिन्छ । यसै समाजबाट नै ठाडो भाकाको उत्पत्ति भएको पाइन्छ । त्यसैले ठाडो भाका लोकगीत समाजविना अपूरो मानिन्छ । समाजका विभिन्न उमेर समूहका मानिसहरूले गाउने अन्य भाकाहरूमध्ये ठाडो भाका लोकगीत पनि प्रमुख मानिन्छ । विशेष गरी लमजुङको दुरा जातिबाट यस भाकाको जन्म भएको र विस्तार विकास समुदायका सबै जातिबाट भएको पाइन्छ । यस गीतमा अन्य लोकगीतको भन्दा फरक लय देखिन्छ । द्रुत लयमा गाइने, नृत्यसहित भएको विभिन्न बाजाहरूमा सुर र ताल मिलाएर गाउने गीतलाई नै ठाडो भाका भनेर चिनिन्छ (जङ्गम, वि.स. २०६३, पृ. ११) । लोकगीत भन्दा घुमाउरो र फरक ढङ्गले अन्त्याउनुप्रास मिलाई टुक्का जोड्ने शैली फरक भएको सुललित, सभ्य र भव्य सांस्कृतिक पहिचान बोकेको भाकालाई ठाडो भाका लोकगीत भनिन्छ (भुजेल, वि.स. २०७५, पृ. ५६) । विशेष गरी ठाडो स्वर निकाली उभिएर गाइने र नाचिने भएकोले यसलाई ठाडो भाका भनिन्छ । ठाडो भाका लोकगीतलाई लोकगीतको झ्याउरे छन्द अन्तर्गतको एक भाका मानिन्छ (निरौला वि.स. २०७६, पृ. १३२) । ठाडो भाका लोकगीतलाई रोधी बसेको बेला विभिन्न उमेर समूहका मानिसहरू एक आपसमा मिली महिला समूह र पुरुष समूह आमुन्ने सामुन्ने बसेर दोहोरीका रूपमा प्रश्नो उत्तरात्मक शैलीमा प्रस्तुत गरिन्छ । रोधी गीतलाई नै ठाडो भाका भनिन्छ । यो नृत्य सहित गाइने गीत हो (शर्मा, वि.स. २०७८, पृ. १२६) । मनमा लागेका कुरा गीत मार्फत साथीलाई ठाडो शैलीमा ट्वाक्क

ट्वाक्क दिँदै छोरो मान्छे गायकले औलो ठडाएर गाइने गीत भएको हुनाले यसलाई ठाडो भाका लोकगीत भनिएको हो ( घिमिरे, वि.स. २०७९, पृ. ६२) । ठाडो भाका लोकगीत मेलापात, चाडपर्व, विहे, ब्रतबन्ध, उत्सव जुन सुकै समयमा पनि प्रस्तुत गरिन्छ । खास गरी यो गीत युवायुवती बिच गाइने दोहोरी हो (उपाध्य, वि.स. २०७७, पृ ४५) ।

ठाडो भाका लोकगीत संस्कृति, परिवेश, अनुरूप सामाजिक चेतनाको लयात्मक रूपमा जुन मौखिक अभिव्यक्ति रहेको छ त्यो नै ठाडो भाका लोकगीत हो । पहिलेदेखि अलिखित रूपमा जुन जनश्रुति परम्पराबाटै आफ्नो जीवन्तता देखाउने या ठाडो भाका लोकगीतहरूमा ग्रामीण अशिक्षित जनताका आडम्बर विहीन स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति पाइन्छ । ठाडो भाका लोकगीतले विगतका मानव परिस्थितिहरूलाई इतिहासका पुस्तकहरूमा भन्दा सत्य र यर्थाथ रूपमा बगाउँदै ल्याएको हुन्छ । बौद्धिकता, दुर्बोध्यता र क्लिष्टताबाट टाढै रहने यो ठाडो भाका लोकगीतमा हार्दिकताको वर्चस्व रहेको पाइन्छ । यसमा भाषा सरल हुनुका साथै समाज र संस्कृतिको राम्रो संयोजन भएको पाइन्छ । छोटा छरिता आकार प्रकारमा देखिने ठाडो भाका लोकगीतहरूमा सरलता, तीव्रता, निर्वैयक्तिकता, गेयात्मकता, मार्मिकता, रागात्मकता, विश्वव्यापकता, अतिकल्पना आदि विशेषता भेटिन्छन् । समाजका सत्य, तथ्य, यथार्थ बुभ्नु छ भने इतिहासका पुस्तकमा होइन ठाडो भाका लोकगीतका टुक्काहरूमा घोत्लिनु बढी उपयुक्त हुन्छ । मेलापात जाँदा विभिन्न चाड पर्व आउँदा, मायाँ प्रेममा मिलन विछोड भएर निरासिदा, जस्ता समयमा गाउने मात्रै नभएर कुनै एक व्यक्ति र एक पक्षको मात्र चित्रण गर्ने नभएर यस गीतको सम्बन्ध जनजीवनका हरेक पक्षसँग भएकाले नै यो ठाडो भाका लोकगीत समाजमा सर्वाधिक लोक प्रिय बन्न पुगेको हो । यस लेखमा लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतसँग समाज र संस्कृतिको सम्बन्ध कस्तो रहेको छ भन्ने विषयमाथि प्रकाश पार्दै विश्लेषण गरिएको छ ।

## अध्ययनविधि र प्रकिया

प्रस्तुत लेख तयारी गर्ने क्रममा सामग्री सङ्कलन र विश्लेषण कार्यका लागि प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतका सामग्रीको सङ्कलन क्षेत्रकार्यबाट गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । अनुसन्धान लेख कार्यका लागि उचित किसिमले शीर्षकको चयन गरी प्राप्त सामग्रीका आधारमा समस्याको निर्धारण गरेर त्यसको वस्तुनिष्ठ समाधानको खोजी गर्नुपर्ने हुन्छ । यसका लागि सामग्रीको सङ्कलन, विश्लेषणको विधि र प्रकिया महत्त्वपूर्ण आधार मानिन्छन् । सामग्री सङ्कलनका लागि ठाडो भाका लोकगीतको प्रचलित स्थानमध्ये सुन्दरबजार नगरपालिका ७ सिउँडीबार लमजुङलाई मुख्य आधार बनाइएको छ । यस क्रममा २०८० सालमा ठाडो भाका लोककला प्रतिष्ठान लमजुङद्वारा आयोजित सिउँडीबारमा ठाडो भाका लोकगीत प्रतियोगिता समारोहका अवरमा यस गीत प्रस्तुत भइरहेकै अवस्थामा श्रव्यदृश्य सामग्रीको माध्यमबाट सङ्कलन गरिएको छ । प्रस्तुत सङ्कलित ठाडो भाका लोकगीतसँग समाज र संस्कृतिको सम्बन्ध कस्तो छ भन्ने कुरा गीतको मूलपाठको आधारमा विश्लेषण गरिएको छ भने यसै आलेखमा दिएको गीतको सामाजिक र संस्कृतिकाबारेमा जानकारी पाउन सकिन्छ । यसको सैद्धान्तिक अध्ययनका लागि भने पुस्तकालयीय कार्यबाट द्वितीयक श्रोतका सामग्रीको उपयोग गरिएको छ । यसरी सङ्कलित सामग्रीको अध्ययनबाट प्रस्तुत गीत विश्लेषणका आधारहरूको निरुपण गरी तिनै बुँदाका आधारमा विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

सङ्कलित ठाडो भाका लोकगीतलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिएतापनि लेख प्रयोजनकालागि भने ठाडो भाका लोकगीतसँग समाज र संस्कृतिको सम्बन्धका आधारमा आएका विभिन्न पक्षहरूलाई मुख्य आधार बनाई विश्लेषण गरिएको छ । ठाडो भाका लोकगीतको विकास र विस्तारको प्रमुख आधार समाज तथा संस्कृतिलाई मानी समाज र संस्कृतिद्वारा नै यसको जन्म हुने तथ्य पाइन्छ । समाजमा हुने गरेका विविध घटना तथा मानवीय मनका आवेग र संवेगलाई बुझी संस्कार र संस्कृतिको जगेर्ना गर्न मुख्य भूमिका खेल्ने मौखिक अभिव्यक्तिलाई ठाडो भाका लोकगीत भनेर भनिन्छ । यस लोकगीतमा लोकको भावना र पीडासँगै मिलन बिछोडका कथाव्यथा भनिएका पाइन्छन् । ठाडो भाका लोकगीत नृत्यसहित गाइने गीत हो । लोकगीतमा विशिष्ट लयात्मक भाषाको प्रयोग गरिएको हुन्छ । श्रुतिरम्य बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछन् (बराल, २०६०, पृ. २८) । लोकगीतमा विशिष्ट लयात्मक भाषाको प्रयोग गरिने हुनाले यस गीतमा समाज र संस्कृतिलाई पृथक रूपमा भेटिन्छ । लोकगीतहरूले लोकजीवनका विधि, व्यवहार, आँसु हाँसो र दुःख सुख, आशा निराशा, परम्परा, रीतिरिवाज, भेषभूषा, चालचलन, संस्कृति, मूल्य मान्यता, हर्षका तरेलीमा, विष्मात, भावनात्मक तरङगहरूलाई उजागर गर्दछन् (भुजेल २०७५, पृ. ५५) ।

ठाडो भाका लोकगीतले नेपाली समाज र समाजमा हुने गरेका विभिन्न संस्कार र संस्कृतिको समेत पहिचान बोकेको देखिन्छ । विशेष गरी दुरा जातिको पहिचानका रूपमा गाइँदै आएको यस गीतले एक जातिको मनका पीडा र भावनालाई नभएर समग्र मानव मनको पीडा, व्यथालाई बुझाउने एक माध्यम बनेको छ । ठाडो भाका लोकगीत भनेको विभिन्न समयमा वा विभिन्न पर्व, उत्सव, र मेला आदि अवसरमा गाइने बाह्मासे लोकगीत हो (न्यौपाने २०७२, पृ. ५३) । यस भाकालाई विभिन्न अवसरहरूमा गाइने गरिन्छ। मेलापात गर्दा, वनजङ्गल जाँदा, दसैं तथा तिहार मनाउँदा, मनोरञ्जनका लागि गाइन्छ भने अन्य समयमा पनि यस गीतलाई प्रस्तुत गरिन्छ। यस गीतले मनोरञ्जन मात्र नभएर समाजमा सकारात्मक सन्देश दिई समाज परिवर्तनका सम्बन्धमा पनि मानिसहरूलाई सचेत गराउँदछ । समाजमा एकताको भावना कायम गर्न पनि यस गीतले भूमिका खेल्ने हुनाले समाजमा रहेका मानिसको भावना र कल्पनालाई मात्र नहेरी समाजमा रहेका विकृति तथा विसङ्गतिको लागि आवाज उठाउने गरेको देखिन्छ । यस गीतलाई समाज विना कल्पना गर्न पनि सकिँदैन । यस गीतलाई कुनै निश्चित समयावधिमा बाँधिएर प्रस्तुत गर्न पर्दछ भन्ने नियम हालसम्म निर्माण नभएकोले प्रस्तुतिको दृष्टिकोणले पनि स्वतन्त्र विधा मानिन्छ। तसर्थ यस गीतलाई जोगाउने र पुस्तान्तरण गर्ने हो भने सबै मिलेर यसको संरक्षण गर्नु पर्दछ भन्ने तथ्य यसबाट प्रष्ट हुन्छ।

### लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतसँग सामाज र संस्कृतिक

विभिन्न टुक्काहरू जोडेर दिनभरको थकान मेट्न र मनको पीर व्यथालाई भुलाउन गाउने गीत ठाडो भाका लोकगीत हो। ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको यस भाकामा समाजमा भएका संस्कार र परम्पराको यथार्थ चित्रण भएको हुन्छ । दुरा जातिबाट विस्तार भएको यस भाकाले मानवीय जीवनका दुःखसुखलाई नियाल्ने गर्दछ । त्यसैले ठाडो भाका लोकगीतलाई समाज परिवर्तन गर्ने एक माध्यमका रूपमा लिइन्छ। ठाडो भाका लोकगीतको उद्देश्य मनोरञ्जन मात्र दिनु नभएर समाजमा जनचेतना फैलाउने पनि रहेको देखिन्छ। यस अध्ययनमा यस गीतले लमजुङ जिल्लाको सामाजिक र साँस्कृतिक पक्ष, प्रसिद्ध स्थानहरू र विभिन्न समयसँग कस्तो सम्बन्ध राखेको छ भन्ने कुरालाई प्रष्ट पार्ने उद्देश्य गरिएको छ । सामाजिक र साँस्कृतिक पक्षः समाज एक वा एक भन्दा बढी मानिसहरूको बसोबास रहेको समुदाय हो। समाजभित्र मिलेर गरिने वभिन्न क्रियाकलापले सामाजिकताको भावना बहन गर्दछ। समाजमा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, परम्परा र मूल्यमान्यता आदि जोडिएका हुन्छन् यसलाई नै संस्कृतिका रूपमा लिइन्छ । ठाडो लोकगीत समाजबाट नै जन्मिएको हुनाले यसको सम्बन्ध समाज र संस्कृतिसँग गहन रहेको पाइन्छ । यसको थप व्याख्या तल बुँदागत रूपमा छुट्टा-छुट्टै शीर्षकमा राखेर विश्लेषण गरिएको छ।

### लमजुङ जिल्लाको सामाजिक तथाा साँस्कृतिक पक्षसँग ठाडो भाका लोकगीत

लमजुङ जिल्लाको आफ्नै गौरवमय इतिहास छ। सामाजिक वैभव, साँस्कृतिक परम्पराहरू बोकेको यस लमजुङ जिल्ला नेपालको झण्डै बिच भागमा पर्ने वर्तमान नेपालको संरचना अनुसार गण्डकी प्रदेश भित्र पर्ने एघार वटा जिल्लाहरूमध्ये समुद्र सतहबाट ८०० मिटर उचाईमा पर्ने १६९२ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको लोकगीतको उद्गम स्थल हो। यसरी हेर्दा लमजुङलाई अग्ला, लामा, ठूला पहाड तथा पर्वतहरूले बनेको भूमि हो भन्ने बुझिन्छ। इतिहासका पानालाई पल्टाएर हेर्दा शाह वंशका संस्थापक श्री द्रव्य शाहको जन्मभूमि यस जिल्लामा अहिले पनि उनले खेलेको प्राङगण, दरबार र चोकहरू देख्न सकिन्छ । दजनौं हिमशृङखला, नदीहरू, विविध हावापानी, र भौगोलिक विविधता भएको यस जिल्लामा अनेकौं धार्मिकस्थल तथा प्रख्यात मन्दिरहरू पनि छन्। जातिगत विविधता भएको यस जिल्लामा साँस्कृतिक रीतिरिवाज र परम्परा पनि विविध पाइन्छन् । सामाजिक र सांस्कृतिक विविधतालाई संरक्षण गर्नका लागि यस गीतको प्रस्तुति विभिन्न समयमा गर्ने गरिन्छ । महिला र पुरूष आमन्ने सामन्ने बसेर विभिन्न वाद्यवादनको साथमा सामूहिक रूपमा प्रस्तुत गरिने हुनाले यसको लोकप्रियता समाजमा बढ्दो रहेको पाइन्छ । लमजुङ जिल्लामा ठाडो भाका लोकगीतको सामाजिक र साँस्कृतिक पक्षसँग सुमधुर सम्बन्ध रहेको छ। लमजुङकै सामाजिक परिवेश र साँस्कृतिक पक्षले यस भाकालाई जन्म र वृद्धि विकासको मुखसम्म पुग्नलाई ठुलो भूमिका वहन गरेका छन्। यसै सन्दर्भमा देउबहादुर दुराले गाएको गीतलाई हेर्न सकिन्छ :

(क) हा..हा.. लाम दाइले शङ्ख फुके यता गर्न थाले पण्डितले आते पाते

(ख) हा..हा..करापुटार आइयो तिन भाइ भेला भइयो महादेवको दर्शन पनि पाइयो, लुगा लाउनी खागी रमाइलाका लागि गरौँ त नि ताते ताते। (घमिरे, २०७९, पृ. ७५)

दुराले गाएको प्रस्तुत ठाडो भाका लोकगीतले मनोरञ्जन दिने मात्र नभएर सामाजिक र संस्कृतिसँग भएको सम्बन्धलाई

देखाएको छ । यहाँ प्रयोग भएको खागी भन्ने शब्दले कुनै समयमा प्रयोग गरिने कपडालाई बुझाउँदछ । यो संस्कृतिले प्रचलनमा ल्याएको पहिरन हो । यस गीतमा एकातिर दर्शक स्रोतालाई शब्द शब्दमा भुलाइएको छ भने अर्को तर्फ नेपाली समाजको धार्मिक पक्षलाई समेत समेटिएको छ । ठाडो भाका लोकगीतमा प्रयोग भएका प्रत्येक नेपाली शब्दहरूले नेपालको नेपाली भाषाको अस्तित्त्वलाई समेत संरक्षण गरेको पाइन्छ । तसर्थ, यस गीतले लमजुङको एक जाति, एक ठाउँ विशेषलाई मात्र नभएर समग्र लमजुङको सामाजिक र साँस्कृतिक पक्षलाई पहिचान गरेको छ ।

**लमजुङ जिल्लाको भौगोलिक अवस्थासँग ठाडो भाका लोकगीत**

गण्डकी प्रदेशको एघार ओटा जिल्लाहरूमध्ये सामाजिक, सांस्कृतिक, साहित्य तथा लोकसाहित्यले सम्पन्न जिल्लाको रूपमा लमजुङ जिल्ला परिचित छ । लमजुङ जिल्लाको पूर्वमा गोर्खा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ पर्दछन् । यस जिल्लाको सदरमुकाम वेसीसहर पृथ्वीराज मार्गमा पर्ने तनहुँ जिल्लाको डुम्रेबजारदेखि ४२ किलोमिटर उत्तरमा पर्दछ । अक्षांश २८ डिग्री ३ मिनेट देखि २८ डिग्री ३७ मिनेट उत्तर र देशान्तर ८४ डिग्री ११ मिनेट देखि ८४ डिग्री ३८ मिनेट पूर्वलाई मानिन्छ । समुद्र सतहदेखि ३८५ मिटरमा रम्घा गा.वि.स. अन्तर्गतको दुईपिप्ले बगैँचा छ । जसलाई यस जिल्लाको होचो स्थान मानिन्छ । लमजुङ जिल्लाको पूर्वमा गोर्खा जिल्ला पर्दछ । यस जिल्लामा पनि ठाडो भाका लोकगीतको निकै राम्रो स्थान छ । त्यस्तै यस जिल्लाको पश्चिममा कास्की पोखरा पर्दछ । पोखरा कास्कीमा पनि ठाडो भाका लोकगीतको छुट्टै प्रभाव पाइन्छ । यो प्रभाव लमजुङे ठाडो भाकाको हो भनेर भन्न सकिन्छ । दक्षिणमा तनहुँ जिल्ला पर्दछ । तनहुँ जिल्ला पनि लमजुङको छिमेकी जिल्ला भएको हुनाले यस जिल्लामा लमजुङे ठाडो भाका लोकगीतको प्रभावले गर्दा ठाडो भाका गाउने गायक तथा गायिकाहरू पछिल्लो समयमा धेरै जन्मिएको देखिन्छ । गोर्खा, कास्की, तथा तनहुँ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको स्वरूप संरचना र लय तथा भाकाको दृष्टिले फरक भए तापनि समाजलाई दिने सन्देश र उद्देश्य एउटै हुन्छ । गोर्खा जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको नमुना :

केटी : हा..हा.. बिहान उठी समाचार सुन्छु चरकिन्छ मेरो मन (फेद)
केटी : हा..हा.. चरकिन्छ मेरो मन
केटी : हा.हा. समाचार सुन्छु
केटी : हा..हा. मेरो मन
केटी : हा..हा..शान्ति होला भन्दा आत्तिसक्यो जनता मर्छ कतिखेर, जता ततै हेर, मुला काटी चाना, दिनको दिनै झन, पड्किरहन्छ मेसिनगन । (टुप्पा)

लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको नमुना

(क) हा.. थालैमा छनि अछेता पाती जनतीलाई परिसन
(ख) हा.. मादलुलाई तनी सरिकार पाल्नु भाछ भनि दिनको दरिसन ।
(घिमिरे, २०७९, पृ. २३४ बुद्धिमाया)

यस कारण लमजुङको भौगोलिक अवस्था र सिमानामा रहेका विभिन्न जिल्लाहरूले पनि यस भाकालाई सम्बन्ध गाँसेको पाइन्छ । लमजुङ जिल्लामा पनि पूर्वी लमजुङे ठाडो भाका, पश्चिमी लमजुङे ठाडो भाकामा केही भिन्नता भेटिन्छ । तसर्थ ठाडो भाका लोकगीत र यस जिल्लाको भौगोलिक अवस्था बिच निकटता उच्च रहेको पाइन्छ ।

**लमजुङ जिल्लाका प्रसिद्ध स्थानहरू र ठाडो भाका लोकगीत**

लमजुङ जिल्ला ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिन्छ । यस जिल्लाको पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै ठाउँमा रहेका स्थानसँग ठाडो भाका लोकगीतको गहिरो सम्बन्ध रहेको पाइन्छ । ईशानेश्वर महादेव मन्दिर करापुटारमा अवस्थित रहेको छ । जसलाई ठाडो भाका लोकगीतको जन्मस्थानका रूपमा चिनिन्छ । दुध पोखरी, इलमपोखरी, घलेगाउँ, रागिनासकोट, जस्ता प्रसिद्ध स्थान/स्थलका रूपमा छन् भने धार्मिक स्थलहरूमा उत्तर कन्या पनि प्रसिद्ध स्थानमा पर्दछ । यी स्थानहरूमा यस गीतको निकै गहिरो सम्बन्ध छ । ईशानेश्वर महादेव मन्दिरमा देउबहादुर दुराले १९६७ मा पहिलो पटक महाशिवरात्रीका दिन ठाडो भाका गाएको हुनाले यस ठाउँलाई यस गीतको जन्मस्थान मानिन्छ (घिमिरे, २०७९, पृ. ६५) । त्यसकारण यस गीतलाई अर्को करापुटारे भाकाको नामबाट भनेर पनि चिनिन्छ । घलेगाउँ जसलाई एशीयाकै नमुना गाउँ मानिन्छ । यहाँ रोधी बस्ने परम्परा छ । रोधी बस्दा यस भाकालाई पनि यहाँका मानिसहरूले गाउने गरेको पाइन्छ । इलमपोखरी जुन धार्मिक स्थान हो । यहाँ वैशाख पूर्णिमाको दिन ठुलो मेला लाग्ने गर्दछ । यस दिनमा ठाडो भाका गाउने गरिन्थ्यो भन्ने भनाई

जनश्रुतिबाट भेटिन्छ । तसर्थ लमजुङका प्रसिद्ध स्थान र ठाडो भाका लोकगीत बिच रहेको निकटताले गर्दा लमजुङ जिल्लालाई ठाडो भाकाको जिल्लासमेत भनिन्छ । यही सम्बन्धको कारण आज यस गीतले विकास र विस्तारको उच्च मोडमा उभिएर देश तथा विदेशमा समेत चर्चा परिचर्चा पाउन सफल भएको देखिन्छ । जस्तै :

क. वर्धनैबाट देउबहादुर झऱ्यो
नेटाबाट मैरानी (फेद)
सुपारी बोटमा, करापुटारको महादेव-पार्वतीको मठमा, दोहोरो भइरनी । (टुप्पा)
(भुजेल, २०७५, पृ. ४०)

ख. घले गाउँ राम्रो वारिपारि सेतै हिमाल हाँसेर
हा..हा.. भेट हुँदा बोल मनको कुरा खोल दुइदिने यो चोला भोलि त के होला ?
हा..हा.. लालीगुँरास फुल्यो घले गाउँ मै दिल भूल्यो, वर गोरु दाउनी अब कहिले होला यसरी
यहाँ आउनी, मार्सी धान पाक्नी लमजुङको डाँडा काडा हेरेर यो मन नथाक्नी,
सुन सङगी मेरा, बसेका छौँ डेरा फर्कनी हो दिल गाँसेर । (स्रोतः आसमाया परियार)

प्रस्तुत गीतले लमजुङको घले गाउँ र त्यस वरपरका सुन्दर हिमाललाई प्रत्यक्ष अवलोकन गर्न गएका स्वदेशी होस वा विदेशी पर्यटक होस् सबैको मन लोभ्याउन सफल भएको छ । सुन्दर घले गाउँको सुन्दरताको जालमा नपर्ने कोही छैनन् भन्ने कुरा पनि यस गीतबाट प्राप्त भएको छ । त्यस्तै करापुटारलाई ठाडो भाकाको जन्मस्थानले प्रसिद्व स्थान मानिन्छ । यहाँ रहेको इशानेश्वर महादेवको मन्दिरमा सन्तान नहुनेहरूले सन्तानको इच्छा राखेर पूजा आराधाना गरेमा सन्तान प्राप्त हुन्छ भन्ने लोकविश्वास रहेको छ । यहाँ विभिन्न ठाउँबाट भक्तजनहरू आउने र पूजापाठ गर्ने गरेको पाइन्छ । महाशिवरात्रीका दिन तत्कालिन समयदेखि हालसम्म पनि ठाडो भाका गाउने परम्परा रहेको पाइन्छ । तसर्थ लमजुङको प्रसिद्व स्थानहरूसँग ठाडो भाका लोकगीतको सम्बन्ध उच्चकोटीको छ भन्ने तथ्य प्रस्तुत गीतबाट पाइन्छ ।

## धर्म, जाति, संस्कृति, चाडपर्वहरू र ठाडो भाका लोकगीत

विविध जातजातिले बसोबास गरेको यस जिल्लामा विविध भाषा, संस्कृतिहरू पाइनु स्वाभाविकै हो । झण्डै ९० प्रतिशत हिन्दु धर्मालम्बीहरूको बसोबास भएको यस जिल्लामा कुमाल, दरै, दमाई, मगर, गुरुङ, दुरा, ब्राह्मण, क्षेत्री, नेवार, कामी, सार्की आदि जातिले बसोबास गरेको पाइन्छ । यी जातिहरूको मुख्य पेशा कृषि नै हो । दसैं तिहार मुख्य चाड हो भने अन्य पर्वहरू पनि मनाउने गर्दछन् । यी जातिहरूको आ-आफ्ना पर्वहरू पनि रहेका छन् । ठाडो भाका लोकगीत दुरा जातिको पहिचान र संस्कृति हो । विभिन्न चाडपर्वमा पनि ठाडो भाका लोकगीत गाउने गरेको पाइन्छ । पहिले यस गीतलाई दुरा जातिले मात्र गाउने र दुरा जातिको मात्र हो भन्ने पाइन्थ्यो तर अहिले सबै समुदायका मानिसहरूले गाउन थालेको देखिन्छ । यो दुरा जातिको मात्र नभएर सम्पूर्णको साझा सम्पत्ति बन्न पुगेको छ । चैते दसैंमा तुर्लुङ्कोट कालिका मन्दिर परिसरमा र हरि बोधनी एकादशीको दिन गुम्बाघाट, शिशाघाटजस्ता बजारमा पनि यो गीत गाउन थालिएको थियो (घिमिरे, २०७९, पृ. ६५-६६) । तिजको दिनमा पनि दुरा डाँडा, च्यानपाटा, जिताको सातधारे मैदानमा पनि यस भाकालाई गाउने गरेको उल्लेख गरेका छन् । तसर्थ यस गीतको सम्बन्ध कुनै एक व्यक्ति, कुनै एक जाति, कुनै एक पर्वसँग मात्र नभएर सिङ्गो लमजुङको धर्म, जाति, संस्कृति तथा चाडपर्वहरूसँग प्रत्यक्ष सम्बन्ध रहेको र लमजुङको पहिचान बोकेको छ भन्ने स्पष्ट हुन्छ ।

जस्तै,

(क) मादलु घेरी पोखराको जेरी बाँडीचुँडी खाउँला है
(ख) दमाइ दाइको सियो गाउने मन त थियो, कोदालीले खन्छन् घर जाऊँ भन्छन्
दाउ हानौँ चौका मिल्यो भने मौका फेरी पनि गाउँला है ।
(घिमिरे, २०७९, पृ. २५६)

क. हा.. हा.. पूजा-पाठ, धर्म-कर्म, मठ-मनिदर धाएर, हण्डर-ठक्कर खाएर ।
हा.. हण्डर-ठकर खाएर
होलार देरो यसै मायाजाल, हण्डर-ठक्कर खाएर !
हा..हा.. सन्तानको भलाइमा स्वस्ति-शान्ति गाएर, रूद्री-पूजा लाएर !
हा..रूद्री-पूजा लाएर !
होला देरो यसै मायाजाल, रूद्री-पूजा लाएर !(भुजेल, २०५७, पृ. ९१)

प्रस्तुत गीतमा मादलु शब्दको प्रयोग देखिन्छ । मादल लोकगीत तथा सङ्गीतका लागि चाहिने वाद्यवादनहरूमध्ये प्रमुख बाजा हो । यो विभिन्न चाडपर्वमा पनि रमाइलोका लागि पनि प्रयोग गरिन्छ । जेरी शब्दले खानाको परिकारलाई बुझाउँछ । दमाइ दाइको सियो भन्ने शब्दले जाति र पेशालाई जनाउँछ भने कोदालीले खेतबारीमा काम गर्न प्रयोग गर्ने साधानलाई बुझाउँछ । मानिसले काम गर्दा कामसँगै गुनगुनाउने भएकोले यस गीतको सम्बन्ध व्यक्तिसँग मात्रै नभई कर्मसँग पनि रहेको तथ्य यसबाट प्रष्ट हुन्छ । धर्म, संस्कार, परम्परामा समेत ठाडो भाका लोकगीतको सम्बन्ध निकट हुने भएकोले ठाडो भाका लोकगीतलाई समाजको ऐना मानिन्छ । ठाडो भाका लोकगीतको प्रस्तुति समाजको चालचलन, रीतिरिवाज आदिलाई जोगाउन गरिने भएकोले धर्म, जाति र समुदायको अस्तित्व पनि यसमा जोडिएको हुन्छ । तसर्थ प्रस्तुत गीत सुन्दा र हेर्दा जति रमाइलो हुन्छ उति नै यस गीतमा सामाजिक परम्परा, चाडवर्प जस्ता पक्ष जोडिएका हुन्छन् भन्ने कुरा यसबाट प्रष्ट हुन आउँछ ।

**लमजुङ जिल्लाको खेतीपाती, फलफूल, पशुपालन र ठाडो भाका लोकगीत**

लमजुङ जिल्लाको उत्तरतिर शीतोष्ण जलवायु पाइने हुँदा यहाँ जौ, मकै, आलु, गहुँ, फापर खेतीमा मुख्य छन् भने फलफूलमा स्याउ, चुत्रो मुख्य छन् । जडीबुटीमा निरमसी, पाँचऔंले, जटामसी, धुपी, कम्मरु आदि पाइन्छन् । पशुहरूमा : बाघ, भालु, कस्तुरी, मृर्ग, चितुवा आदि पाइन्छन् । पंक्षीहरूमा : डाँफे, मुनाल, कालिज आदि मुख्य छन् । खेतीपाती, पशुपालनजस्ता पक्षसँग ठाडोभाका लोकगीतको प्रत्यक्ष सम्बन्ध देखिन्छ । ठाडोभाका लोकगीतका गायक तथा गायिकाहरू पनि डाक्टर, नर्स, इन्जिनियर नभएर सामान्य गाउँघरमा भिर पाखामा घाँस दाउरा गर्ने, बाख्रा भैंसी चराउने महिला र पुरुष भएकोले गर्दा मेलापात होस् या खेतबारीमा काम गर्दाको थकान मेटाउन होस् साँझपख रोधी बस्दा गाउने र मनका हरेक वेदनालाई यसै गीतको माध्यमबाट पोख्ने हुनाले विभिन्न समयमा लगाइने खेतीबालीसँग पनि यस गीतको उच्च सम्बन्ध देखिन्छ । जस्तै,

१. केटा : हा.. हा.. लमजुङको बाँझोखेत, पाङेक्पुमा भेडीगोठ, दुध दुहुँदै गोठाला
हा... दुध दुहुँदै गोठाला
होला देरो यसै मायाजाल, दुध दुहुँदै गोठाला
हा..हा.. भेडीको दुधबाट मही, छुर्पी, घिउ, तागतिलो जिउ, रोजगारीमा खेताला
हा..हा.. रोजगारीमा खेताला
होला देरो यसै मायाजाल, रोजगारीमा खेताला (भुजेल, २०७५, पृ. ११९)

प्रस्तुत गीतबाट के स्पष्ट देखिन्छ भने सहरमा बसेर होइन गाउँ घरमा बसेर आफ्नो खेतबारीमा उब्जेका तरकारी र आफ्नो घरमा पालिएका गाई भैंसीको दुध मोही खाएर गाउँकै खेतबारीमा काम गर्ने हो भने एकातिर आर्थिक उन्नति हुने र अर्को तर्फ स्वास्थ्यमा पनि कुनै रोग बिमार नहुने कुरा स्पष्ट हुन्छ । कृषिमा लगानी गरेर खेर जाँदैन र युवा युवतीहरूले काम पाउने र बुढापाकाहरूले पनि मिठो र स्वस्थकर खाना खान पाउने, गाउँ घरका जमिन बाँजिनबाट जोगिने कुरा बुझिन्छ । अर्को उदाहरणः

२. हा.. असारको महिना सिम सिम पानी पर्ने स्याखु ओडी खेतमा

हा..मादलु तनी चिप्ले किरा ग्याल्ल मकैको पात झ्याल्ल, जता हेरेनी कुम्म बोडीको झ्याल हा..हा.. जुका लिमि लिमि ए गोरे दाइ तिमी आउन हिलो छेप्छु पाखुरीले चेप्छु, रोपारीको माझ छुपुछुपु धान रोप्छु कसी पटुकी पेटमा ।

(स्रोत, आसमाया परियार)

प्रस्तुत गीतबाट खेतीपाती गर्ने मुख्य समय असारको महिनासँग सम्बन्धित रहेको छ । असारको महिनामा खेतमा धान रोप्न जाँदा रोपारीहरूले मेलो कटाउनको लागि रमाइलो गर्दै गरेको र असारको महिनाको परिवेशलाई चत्रिण गरिएको छ । ठाडो भाका लोकगीतको प्रस्तुति यही समयमा यही पर्वमा हुनु पर्दछ भन्ने पनि हुँदैन । समाजमा समाजकै मान्छेले जन्माएको गीत भएकोले ठाडो भाका लोकगीत कुनै निश्चित समयमा मात्र नभएर जुन समया पनि गाउन सकिने प्रस्तुत गर्न सकिने भएकोले यस गीतको सम्बन्ध परम्परा र सामाजिक रूपमा हुने हरेक क्रियालकलापसँग जोडिएको हुन्छ भन्ने तथ्य यसबाट प्रष्ट हुन आउँछ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट ठाडो भाका लोकगीत लमजुङका दुरा, कामी, दमाई, बाहुन, क्षेत्री, गुरुङ, कुमाल र अन्य

समुदायमा प्रचलित छ जसको प्रस्तुति फुर्सदको समयमा युवायुवती वा अधबैंसे उमेरका व्यक्तिहरू मिलेर वाद्य, गायन र नृत्यका साथमा गर्दछन् भने यसको पाठ र प्रस्तुतिगत अध्ययनबाट स्पष्ट भएको छ । दुरा जातिबाट सुरु भएको ठाडो भाका लोकगीतको जन्म लमजुङ जिल्लाको करापुटारलाई मानिन्छ । लमजुङ जिल्लालाई लोकगीत, सङ्गीत, साहित्य तथा लोकसाहित्यको दृष्टिले महत्त्वपूर्ण मानिएको छ । ठाडो भाका लोकगीत गाउनलाई यही जातको, यही धर्म मानेको मान्छे चाहिन्छ भन्ने कुनै साँध सिमाना भेटिन्न । पछिल्लो समयमा भर्खरका तन्नेरी युवायुवतीहरू पनि यस गीत तर्फ निकै आकर्षित भएको देखिन्छ । विभिन्न वर्ग समुदायका मानिसहरूको दुःख पीडा, प्रेम, मर्म, विछोडजस्ता विषयमा गाइने यस भाकाले जनलोकको मन जित्न सफल छ । ठाडो भाका लोकगीतले अन्य जिल्लाहरूमा बसोबास गर्ने मानिसहरूलाई समेत निकै प्रभावित पारेको पाइन्छ । लमजुङको एक पक्षलाई मात्र नभई जाति, धर्म, संस्कृति, पेशा आदिलाई मौखिक माध्यमबाट स्पष्ट पार्न सक्ने ठाडो भाका दुरा जातिको मात्र नभएर समग्र लमजुङको चिनारीका रूपमा लिइन्छ भन्ने स्पष्ट हुन्छ । ठाडो भाकालाई जीवन्त राख्न समाजमा रहेका व्यक्ति र ठाडो भाकालाई हेर्ने सुन्ने दर्शक स्रोताको ठूलो भूमिका रहन्छ । समाजविना ठाडो भाका लोकगीतको कल्पना गर्न गाह्रो पर्दछ । समाजसँग संस्कृति जोडिएको हुन्छ । संस्कृतिले नै लोकगीत सङ्गीतलाई माथि उठाउन सहयोग गर्दछ । लोकगीतको एक प्रकार ठाडो भाका पनि हो । यसमा लोक जीवनको रसनसहन र संस्कार, संस्कृति जोडिएर आएको हुन्छ । परम्परागत रूपमा चल्दै आएको संस्कारको संरक्षण पनि यसले गरेको पाइन्छ । लमजुङ जिल्लाको हरेक स्थान र हरेक संस्कृतिसँग यसको निकट सम्बन्ध जोडिएको छ । लमजुङकै नामबाट यस भाकाले प्रसिद्धी कमाएको छ । लमजुङको हावापानीले समेत यस भाकाको सृजना हुनुमा ठूलो भूमिका खेलेको छ । प्रस्तुत अध्ययनबाट यस भाकालाई जीवन्त राख्न र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गराउन सबै जना लागि पर्नु पर्दछ भन्ने निचोड प्रस्तुत गरेको छ । यस भाकालाई जोगाउन एक समुदाय, एक जाति मात्र नभएर सबैजना लाग्नु पर्दछ । ठाडो भाका लोकगीतले नेपाली समाजको कला, साहित्य, भाषा, संस्कार र संस्कृतिको पहिचान गर्ने भएकोल समाज र संस्कृतिविना यसको कल्पना गर्न कठिन पर्दछ भन्ने तथ्य प्रस्तुत अध्ययनबाट प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


खनाल, लोकचन्द्र (२०७६),*समाजशास्त्रीय लमजुङे ठाडो भाका लोकगीतको समीक्षा,* नेपाल लोकवार्ता परिषद् ।

गुरुङ, कृष्ण (२०६२),*लमजुङ जिल्लाका दुरा जाति र ठाडो भाका, मातृभूमिको माया,* दुरा डाँडा सेवा समाज ।

घिमिरे, मुक्तिनाथ (२०७९),*लमजुङे ठाडो भाका,* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

थापा, धर्मराज (२०३०),*गण्डकीका सुसेली,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

थापा, धर्मराज (२०४१),*लोकसंस्कृतिको घेरामा लमजुङ,* साझा प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१),*नेपाली लोकसाहित्य,* त्रि.वि. पाठ्यक्रम विकाश केन्द्र ।

पन्त, कालीभक्त (२०४३),*हाम्रो सांस्कृतिक इतिहास,* (दो.संक), स्याङ्जा ।

पराजुली, कृष्णप्रसाद (२०५७),*नेपाली लोकगीतको आलोक,* वीणा प्रकाशन प्रा.लि.।

पराजुली, मोतीलाल (२०६३),*नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू,* साझा प्रकाशन ।

पराजुली, मोतीलाल र जीवेन्द्र गिरी (२०६८) *लोकसाहित्यको रूपरेखा,* साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६०) *गीत सिद्धान्त र इतिहास,* साझा प्रकाशन ।

भूजेल, लालबहादुर (२०७५) *ठाडो भाकाको लोक सांस्कृतिक इतिहास,* चाँगुनाराण साहित्यिक समाज ।

रावल, वेनीजङ्गम (२०६३) *सन्दर्भ : लोकगीतका,* भृकुटी एकेडेमी पब्लिकेसन ।

शर्मा, मुकुन्द (२०७७) *गण्डकी प्रदेशमा प्रचलित लोकनृत्यहरू,* (अ. प्र. शोधप्रतिवेदन) नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मुकुन्द (२०७८) *त्रिवेणीदेखि मुक्तिनाथसम्मका लोकनृत्यहरू,* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मुकुन्द *ठाडो भाका लोकनृत्य,* लेख प्रज्ञान पत्रिका, पृ. ५५ ।


**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

Author declare that this work has been ethically conducted.

**Authors bio note**: Bishnu Pariyar is pursuing Mphil degree form Tribhuvan University, Nepal. Neplai literature is her area of interest. Nepali folk Song, Singing and conducting research in this area is her major interest.

## अनुसूचीहरु

अनुसूची १ ठाडो भाकाका गायक तथा सर्जकहरूको फोटोग्राफ (समावेश भएका फोटाहरू प्रकाशन गर्ने अनुमति लिएर खिचिएका हुन्)

**चित्र १**

*ठाडो भाकाका सर्जक र गायकहरू*



(टिप्पणीः अनुसन्धानकर्ताद्वारा खिचिएको फोटो ग्राफ, २०२४ )

**चित्र २**

*अनुसन्धानकर्ता समावेश ठाडो भाका दोहोरी कार्यक्रमको झलक*



(टिप्पणीः अनुसन्धानकर्ताद्वारा खिचिएको फोटो ग्राफ, २०२४ )

**चित्र ३**

*अनुसन्धानकर्ताको सहभागितामूलक अवलोकनको झलक*



(टिप्पणीः अनुसन्धानकर्ताद्वारा खिचिएको फोटो ग्राफ, २०२४ )

## अनुसूची २ लमजुङ जिल्लामा प्रचलित ठाडो भाका लोकगीतको मूलपाठ

केटा (क) हा..हा.. यो एक्काइसौं शताब्दीमा दाइजो, बोक्सी, छाउपडी ,
बालविवाह बहुपति
हा.. बहुपति

हा..भन्छ  र यसै माया जाल, बालविवाह बहुपति
हा.. दाइजो कै कारणले मारेका छन् कति, गिद्धे दृष्टि सम्पत्ति
हा.. गिद्धे दृष्टि सम्पत्ति
हा.. भन्छ र यसै मायाजाल गिद्धे दृष्टि सम्पत्ति
केटी (ख) हा..कुप्रथा र कुसंस्कार, महिला हिंसा बारम्बार बलात्कारको सिकार
हा.. बलात्कारको सिकार
हा.. भनछ र यसै माया जाल बलात्कारको सिकार
हा.. दक्षिण तिर सीमा खुल्ला चेलीबेटी कारोबार, दाइजोमा बारम्बार
हा.. दाइजोमा बारम्बार
हा..भन्छ र यसै मायाजाल दाइजोमा बारम्बार ।
केटा (क) : हा.. किन हुन्छ मधेसमा सधैं भ्रूण हत्या, छोरी जन्मे आधी  बेहरी
हा.. छोरी जन्मे आँधी बेहरी
हा.. भन्छ र यसै मायाजाल छोरी जन्मे आँधी बेहरी
हा..हाट बजारमा गाई बाखा मोलमोलाई सरी आइमाई कठै  बिचरी
हा.. भन्छ र यसै मायाजाल आइमाई कठै बिचरी
केटी (ख) : हा..मधेसमा दहेजको विकराल छोड माइतीलाई गलगाँड
हा.. माइतीलाई गलगाँड
हा..भन्छ र यसै मायाजाल माइतीलाई गलगाँड
हा.. विवाहको उमेरमा लेनदेनको भाँड, जिन्सी नगद भोज जाँड
हा.. जिन्सी नगद भोज जाँड
हा.. भन्छ र यसै मायाजाल जिन्सी नगद भोज जाँड ।

**भौगोलिक ठाडो भाका लोकगीतको मूलपाठ :**

३ क पूवी लमजुङे ठाडो भाका लोकगीतको मूलपाठ
धम्पु दुरा :
(क) हा..चैतको हुरी गऱ्यो चुरीफुरी
हा..हा.. सुनखानी उनखानी नुनखानी सिमलको भुवाले
(ख) धोबी लुगा धुनी युनाइटेड क्लबले कस्तो सपना देखेछ कुन्नि इष्टमित्र
देउपित्र देख्दा हाँसू हाँसू लाग्यो भन्देउ है बुबाले ।
मीना (क) : हा.. बादलु लाग्यो झल्याक र झुलुक घामै लाग्यो घमाइलो
(ख) हा.. सुनैको गजुर क्लबको सम्पूर्ण महाजनहरू धोबी लुगा धुन्थ्यो भेट हुँदा समय बिताउन हुन्थ्यो किन गर्ने हो रमाइलो ।
धम्पु दुरा :
(क) हा.. रुख काट्ने बन्चरो त झरी झरी सक्यो धारीमा खै लायो ।
(ख) हा..दाम पैसालाई गन्थ्यो पैला त ढुङ्गेसाँधुमा रमाइलो हुन्थ्यो, ऐनदी
तैन नाम मात्र भयो धाउनी चरी धाइछ कता हराइछ ऐले त वैलायो ।
मीना :
(क) हा..रानी वनमा काटेको लौरो बुढेसकालमा टेकन
(ख) हा..ऐलेको साल अमोसीमा महाजप लाउँला, पैसा पुरी सलाई
यतिखेर मलाई हा..जोवाने गोरु मान्यजनहरू मन लाग्यो मलाई धेरै धेरै भेटन ।
धम्पु दुराः
(क) हा..उकालीमा जाने भोटलेम दाजु उकालीमा सुसेली
(ख) हा.. आगाको धुनी जन्म दिने बा आमाले के हन्तकाले जन्मायो कुन्नि
आारनीलाई ताइछ माया यतै आइछ, के ल्याछ कोसेली ?